आ.व. ०८२/०८३ को उत्कृष्ट कृषि पुरस्कारका लागि आवेदन पेश गर्ने सम्बन्धी

# कृषि विकास कार्यालय, लमजुङको सूचना

(प्रथम पटक सूचना प्रकाशन भएको मिति: २०८२/०९/०९)

कृषि विकास कार्यालय, लमजुङको आ. व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार जिल्ला भित्रका उत्कृष्ट कृषक, कृषक समूह र सहकारी संस्थाहरुलाई पुरस्कृत गरी कृषकको योगदानलाई सम्मान तथा मनोबल उच्च राख्न सहयोग एवम् प्रोत्साहन गर्दै कृषि पेशालाई सम्मानित र व्यवसायिक बनाउने उदेश्यले उत्कष्ट कृषकलाई पुरस्कृत गर्ने कार्यक्रम संचालन गर्नु पर्ने भएकाले तपशिलको योग्यता पुगेका लमजुङ जिल्ला भित्रका कृषक, कृषक समूह र सहकारी संस्थाले सुचना प्रकाशन मितिको ३० दिन भित्र गण्डकी प्रदेश सरकार, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको **उत्कृष्ट कृषि पुरस्कार सम्बन्धी मापदण्ड, २०७९** को अनुसुची-२ बमोजिमको निवेदन सहित अनुसुची-३ बमोजिमको फारम भरी यस कृषि विकास कार्यालय अथवा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय, लमजुङमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल:**

**क) बाली/बस्तु तथा न्युनतम क्षेत्रफल/संख्या:**

| क्र.सं. | बाली/बस्तुको नाम | क्षेत्रफल/संख्या (न्युनतम) | कैफियत |
|---|---|---|---|
| १ | अन्नबाली, आलु, अलैंची, कफि, चिया, फलफुल | १० रोपनी | |
| २ | दलहन, मसलाबाली, तेलहनबाली र घाँस खेती | ५ रोपनी | |
| ३ | तरकारी | ५ रोपनी वा प्लाष्टिक घर भित्र १००० बर्ग फिट | |
| ४ | पुष्प | २ रोपनी | |
| ५ | खाद्यान्न बीज वृद्धि | ५ रोपनी | |
| ६ | तरकारी बीज वृद्धि | ३ रोपनी | |
| ७ | च्याउ | ५०० वर्ग मिटर, सिताके च्याउ-५०० मुढा | |
| ८ | फलफूल नर्सरी | संरक्षित संरचना- १ रोपनी, खुल्ला- २ रोपनी | |
| ९ | मौरीपालन | ५० घार | |
| १० | माछापालन | ५ रोपनी, रेन्वो ट्राउट- ५०० वर्ग मिटर रेसवे | |
| ११ | भेडा/बाखा (च्याङ्ग्रा समेत) | भेडा/ च्याङ्ग्रा-१००, बाखा-५० | |
| १२ | बंगुर/सुँगुर | माउ-१० वा फ्याटनर-५० | |
| १३ | गाई, भैसी (याक, चौरी समेत) | १० वटा दुधालु | |
| १४ | कुखुरा | स्थानिय जातको- १०००, स्थानीय जात बाहेक- ५००० | |
| १५ | हाँस | ५०० | |

**ख) सहकारी संस्थाको लागि मात्र थप न्यूनतम योग्यता:**

१. संस्था स्थापना भएको कम्तीमा ३ बर्ष पूरा भएको,
२. संस्थाले आफ्नो विधानमा उल्लेखित उद्धेश्यले निर्धारण गरेको क्षेत्र भित्र मात्र कारोबार गरेको,
३. संस्थाको विगत २ आर्थिक बर्षको पोजेटिभ नेट वर्थ रहेको,
४. सदस्य केन्द्रित भई व्यवसाय संचालन गरेको,
५. संस्थाको काम कारबाही उपर उजुरी परी कारबाही नपरेको,
६. संचालक र लेखा सुपरिवेक्षण समितिको बैठक विनियम बमोजिम नियमित रुपमा बस्ने गरेको,
७. नियामक निकायमा नियमित रुपमा प्रगति प्रतिवेदन पठाउने गरेको।

थप जानकारीको लागि

कार्यालय फोन नं: ०६६-५२०१००, ५२०१३०

प्रमुख: ९८५६०४५२३०, सूचना अधिकारी: ९८५६०८०१४०

किरण सिग्देल
प्रमुख (अधिकृतस्तर दशौं)